"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

सूचना सूचना सूचना

## महालक्ष्मी नगरपालिका ललितपुरको अत्यन्त जरुरी सूचना

यस महालक्ष्मी नगरपालिका क्षेत्रभित्र जुनसुकै पेशा व्यावसाय गरिरहनु भएका व्यावसायीहरुले आफ्नो पेशा तथा व्यावसाय नगरपालिकामा अनिवार्य दर्ता गराउनु पर्ने हुन्छ , यदि तपाइँको पेशा तथा व्यावसाय नगरपालिकामा दर्ता गराउनु भएको छैन भने यही मिति २०७६ साल कार्तिक १५ गते भित्र व्यावसाय सञ्चालन भएको वडा कार्यालयमा गई अनिवार्य दर्ता गरी दर्ता प्रमाण पत्र लिनु होला । यदि यस अघि नै दर्ता गराइ सक्नु भएको भए समयमै नवीकरण गरी नगरपालिकालाई तिर्नु / बुझाउनु पर्ने कर / दस्तुर तिरी ढुक्कले व्यावसाय सञ्चालन गरी बस्नु हुन सबै पेशाकर्मी तथा व्याबसायी महानुभावहरुलाई यही सूचनाद्वारा अनुरोध गरिन्छ ।

साथै विभिन्न प्रयोजनका लागि बहालमा लगाइएका जग्गा तथा भौतिक संरचनाहरुको बहालकर बुझाउन बाँकी हुने महानुभावहरुले यही मिति २०७६ साल कार्तिक १५ गते भित्र सम्बन्धित वडा कार्यालयमा गई बहाल घोषणा फाराम भरी नियमानुसार बुझाउनु पर्ने बहालकर बुझाउनु हुन समेत सम्बन्धित सबै घर / जग्गा धनी कर दाताहरुलाई नगरपालिका हार्दिक अनुरोध गर्दछ। तोकिएको म्याद भित्र उल्लिखित कार्यहरु नगरी नगरपालिकाबाट अनुगमन हुँदा सूचनाको बर्खिलाप व्यावसाय सञ्चालन तथा बहालकर घोषणा नगरेको पाइएमा नियमानुसार जरिवाना असुल गर्ने तथा व्याबसाय बन्द गराउन सक्ने समेत भएकोले समयमै व्यावसाय दर्ता / नवीकरण, बहालकर घोषणा तथा चुक्ता गर्नु हुन सम्पूर्ण नगरवासी व्याबसायीहरुलाई सूचित गरिन्छ ।

महालक्ष्मी नगरपालिका, इमाडोल,ललितपुर ।